नेपाली

Vol.54 | 2026.01

विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation





सूचना

## बहुभाषी परामर्श काउन्टर प्रयोग गर्नुहोस्।

दैनिक जीवनमा पर्ने समस्याहरूबारे विभिन्न भाषाहरूमा परामर्श गर्न सकिन्छ।
साथै शुल्क लिएर ओता सहर कार्यालयमा पेस गर्ने कागजातहरू अनुवाद गरिन्छ।

① सामान्य परामर्श
(निशुल्क, अग्रिम रूपमा नाम लेखाउनु पर्दैन।)

काउन्टर खुला रहने समय सोमबार~शुक्रबार 10:00 am~5:00 pm

② वकिलद्वारा प्रदान गरिने विशेष परामर्श (निशुल्क, अग्रिम रूपमा नाम लेखाउनु पर्नेछ।)

・परामर्श समय

पहिलो र तेस्रो आइतबार 1:00 pm~5:00 pm

・उपलब्ध भाषाहरू

अंग्रेजी, चिनियाँ, तागालाग

अन्य भाषा बोल्ने परामर्शदाता चाहने खण्डमा, अग्रिम रूपमा परामर्श गर्नुहोस्।

③ कागजात अनुवाद

ओता सहर कार्यालयमा पेस गर्ने कागजातहरू जापानी भाषामा अनुवाद गरिन्छ।

*दूतावास वा अध्यागमन ब्यूरोमा पेस गर्ने कागजातहरू अनुवाद गर्न सकिँदैन। साथै सोही दिन अनुवाद गर्न सकिँदैन।

・उपलब्ध भाषाहरू

अंग्रेजी, चिनियाँ, तागालाग, नेपाली र भियतनामी

・शुल्क　1 प्रति कागजातको 500 येन

| भाषा | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| अंग्रेजी | ● | ● | ● | △ | ● |
| चिनियाँ | ● | ● | △ | ● | ● |
| तागालाग | ● | △ | △ | △ | ● |
| नेपाली | ● | △ | ● | △ | △ |
| भियतनामी | △ | △ | △ | ● | △ |

*● भएका दिनहरूमा सम्बन्धित भाषा बोल्ने परामर्शदाताहरू (अंग्रेजी, चिनियाँ, तागालाग, नेपाली र भियतनामी) उपलब्ध हुनेछन्। अन्य भाषा बोल्ने परामर्शदाता चाहने खण्डमा, अग्रिम रूपमा परामर्श गर्नुहोस्।

*△…तपाईंले चाहनुभएको भाषा बोल्ने सक्ने परामर्शदाता उपस्थित नभएको खण्डमा, अनुवाद मेसिन वा अनलाइन दोभासे सेवाको प्रयोग गरेर परामर्श गर्न सकिन्छ।

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ओता सहर कामाता 4-16-8 2F

ओतासहर अन्तर्राष्ट्रिय संघ बहुभाषी परामर्श डेस्क
☎ 03-6424-4924　Fax 03-6424-4926
Email： soudan.tagengo@ota-goca.or.jp

…. कहिले　…. रकम　…. कति जना　…. कहाँ　…. आवेदन दिने तरिका　…. आवेदन दिने ठाउँ　…. सम्पर्क

## सूचना पहिलो पटक भए पनि ढुक्क हुन सकिने: स्वयंसेवी जापानी भाषा क्लास

ओता सहरको स्वयंसेवी जापानी भाषा क्लासमा पहिलो पटक सहभागी हुने व्यक्तिहरू पनि ढुक्क भएर सहभागी हुन सक्छन्। मुख्यतयाःक्लासमा दैनिक जीवनमा प्रयोग गर्ने जापानी भाषाको अभ्यास गरिन्छ।

दिन, स्थान, विवरण र रकम क्लास अनुसार फरक हुने हुनाले वेबसाइटमा हेरेर निश्चय गर्नुहोस् र विस्तृत जानकारीको लागि सम्बन्धित क्लासमा प्रत्यक्ष सम्पर्क गर्नुहोस्।

स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवनसँग सम्बन्धित कर्मचारी
☎ 03-5744-1227
Fax 03-5744-1323
Email： t-kokusai@city.ota.tokyo.jp

ओता सहर स्वयंसेवी जापानी भाषा क्लासको लागि यहाँ

## इभेन्ट जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"

यो विद्यालयबाट वितरण गरिने प्रिन्ट (सूचनापत्र) बुझ्न सक्ने गरी विद्यालय-विशिष्ट शब्दहरूको अर्थ र पढ्ने तरिकाको टिप्स् आदि सिक्ने जापानी भाषाको कोर्स हो। इच्छा भएका व्यक्तिहरूले नछुटाईकन आवेदन दिनुहोस्।



2026 साल जनवरी 20 तारिख, 27 तारिख, फेब्रुअरी 3 तारिख, 10 तारिख, 17 तारिख (मंगलबार)
10:00 am~12:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) ओता सहर कामाता 4-16-8 2F

निशुल्क

दायरामा पर्ने व्यक्तिहरू:
・ओता सहरको प्राथमिक तथा निम्न माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिका भएकाविदेशी अभिभावकहरू
・2026 साल अप्रिलमा ओता सहरको प्राथमिक विद्यालयमा भर्ना हुने योजना भएका बालबालिका भएका विदेशी अभिभावकहरू
・हिरागाना र काताकाना जानिसकेका जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्तिहरू।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
Fax 03-6410-7982
Email： mail@ota-goca.or.jp

विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।

## सूचना शिशु स्याहार आमा 2026 साल अप्रिलदेखिको प्रयोगको लागि आवेदनबारे

शिशु स्याहार आमा भनेको काम गर्ने, रोजगारी खोज्ने, प्रसूति, शिशु पालनपोषण बिदामा रहेका व्यक्तिहरूको बच्चाको जिम्मा लिई शिशु स्याहार गर्ने प्रणाली हो। 2026 साल अप्रिलदेखि बच्चाको जिम्मा दिन चाहने व्यक्तिहरूको आवेदन लिइन्छ। विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस् वा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

आवेदन अवधि: 2026 साल फेब्रुअरी 24 तारिख (मंगलबार) देखि मार्च 6 तारिख (शुक्रबार) सम्म

प्रति महिना 23,000 येन (8:00 am~5:00 pm 1 दिनमा 8 घण्टासम्म)
*समय लम्ब्याइएमा 30 मिनेटको 250 येन लाग्नेछ। एक महिनामा अधिकतम 20,000 येनसम्मको सहायता प्रणाली छ।

शिशु स्याहार आमा अनुसार फरक हुन्छ। विस्तृत विवरणको लागि सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

ओता सहर कार्यालय 3F शिशु स्याहार सेवा शाखामा आवेदन लिइन्छ। सहर कार्यालयमा आउने बेला अग्रिम रूपमा सम्पर्क गर्नुहोस्।

शिशु स्याहार सेवा शाखा　शिशु स्याहार मार्गदर्शनसँग सम्बन्धित कर्मचारी
☎ 03-5744-1643　Fax 03-5744-1715

## इभेन्ट "रमाइलो जापानी & अंग्रेजी भाषाको तादोकु" वर्कसप

यो वर्कसपमा मातृभाषा जापानी भाषा नभएका व्यक्तिहरूको लागि "सजिलो जापानी भाषा" मा लेखिएका किताबहरू र मातृभाषा अंग्रेजी भाषा नभएका व्यक्तिहरूको लागि "अंग्रेजी भाषा" का धेरै किताबहरू पढिन्छ। किताबको स्तर पनि प्राथमिक स्तरदेखि उच्च स्तरसम्म विभाजन गरिएको छ। जापान र विदेशी देशहरूको चलन, संस्कृति आदि पनि रमाइलोसँग जान्न सकिन्छ। वर्कसपको अन्त्यमा सहभागीहरू बीच आदानप्रदान पनि हुनेछ।

2026 साल फेब्रुअरी 15 तारिख (आइतबार) 2:00 pm~4:00 pm

ओता सहर ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा
ओता सहर ओमोरी मिनामी 1-17-7

निशुल्क

जापानी भाषा 10 जना र अंग्रेजी भाषा 10 जना (अग्रिम रूपमा नाम लेखाउनु पर्नेछ।)

फोन गर्नुहोस् अथवा पुस्तकालयमा आउनुहोस्।

ओमोरी मिनामी पुस्तकालय
☎ 03-3744-8411
Fax 03-3744-8421



©Ota City

## सूचना निवासी कर भुक्तानीबारे

चरण 4 को विशेष सहर निवासी कर, जिल्ला निवासी कर (निवासी कर) र वन तथा वातावरण करको भुक्तानी म्याद 2026 साल फेब्रुअरी 2 तारिख (सोमबार) हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। कर सम्बन्धी विस्तृत विवरणको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।
☎ कर भुक्तानी शाखा

| | |
|---|---|
| ओमोरी क्षेत्र | 03-5744-1200 |
| च्योफु क्षेत्र | 03-5744-1201 |
| कामाता क्षेत्र | 03-5744-1202 |
| ओता सहर बाहिर | 03-5744-1203 |

Fax 03-5744-1517

## सूचना के तपाईं “Minto Friends” हुन चाहनुहुन्छ?

हामीले ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) को आधिकारिक Facebook मा बहुभाषी परामर्श काउन्टर लगायत जापानी भाषा क्लास, इभेन्ट आदिको जानकारी प्रदान गरिरहेका छौं। यी जानकारीहरू आफूले चिनेको मान्छे वा साथीहरूलाई जानकारी गराउने व्यक्तिहरू [Minto Friends] हुन्। अन्तर्राष्ट्रिय आदानप्रदान र बहुसांस्कृतिक सहजीवनमा रुचि भएका प्राथमिक विद्यालयका विद्यार्थी वा सोभन्दा बढी उमेरका व्यक्तिहरू भएमा दर्ता गर्नु पर्दैन। तुरुन्तै आकाउन्ट फलो गरी आफू [Minto Friends] भएको कुरा आफ्ना साथी र चिनेका मान्छेहरूलाई बताई जानकारी फैलाउनुहोस्!

स्थानीय गतिविधि प्रवर्द्धन शाखा सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवनसँग सम्बन्धित कर्मचारी
☎ 03-5744-1227 Fax 03-5744-1323
Email： t-kokusai@city.ota.tokyo.jp

Minto Friends को होमपेजको लागि यहाँ

Minto Ota आधिकारिक Facebook को लागि यहाँ

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## सूचना सोह्रौँ गुरुत्तो 5 टोल समिति! मिनेमाची कुइज र्‍याली


यो मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट हिँडेर वा साइकलमा परिक्रमा गरी, ती स्पोटहरूमा राखिएका स्थानीय विपद् व्यवस्थापनसँग सम्बन्धित कुइज र किवर्ड प्रश्नहरूको जवाफ दिँदै जाने कुइज र्‍याली हो। सबै कुइज प्रश्नहरूको सही जवाफ दिएका व्यक्तिहरूलाई मिनेमाची विशेष उपशाखा कार्यालयमा सहभागिता पुरस्कार प्रदान गरिनेछ।



- कुइज प्रदर्शन अवधि: 2026 साल फेब्रुअरी 2 तारिख (सोमबार)~15 तारिख (आइतबार)
  सहभागिता पुरस्कार वितरण अवधि: 2026 साल फेब्रुअरी 13 तारिख (शुक्रबार)~15 तारिख (आइतबार)
  10:00 am~4:00 pm
- मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट तथा मिनेमाची विशेष उपशाखा कार्यालय देनएनच्योफु होनच्यो 7-1
- निशुल्क
- सीमा छैन।
- अग्रिम रूपमा आवेदन दिनु पर्दैन।
- मिनेमाची विशेष उपशाखा कार्यालय
  ☎ 03-3722-3111　Fax 03-3721-1493
  Email：minemati@city.ota.tokyo.jp

## सूचना तेह्रौँ साकुरा फेस्टिभल

विशेष लेक्चर, हस्तनिर्मित वस्तुहरू बनाउने अनुभव, बोच्चा अनुभव कार्यक्रम आदि लगायत युकिगाया ताइको, ओमोरी दाइरोकु निम्न माध्यमिक विद्यालयको ब्रास ब्यान्ड प्रस्तुति, म्युजिक बेल कन्सर्ट जस्ता दिनभरि धेरै मनोरञ्जनात्मक कार्यक्रमहरू हुनेछ।
सबैजना आफ्नो परिवार र साथीहरूलाई लिएर अवश्य आउनुहोस्।



©Ota City

- 2026 साल मार्च 15 तारिख (आइतबार)
  9:30 am~4:30 pm
- ओता सहर सेन्जोकु सामुदायिक केन्द्र
  ओता सहर कामिइकेदाई 2-35-2
- प्रवेश शुल्क: निशुल्क
  *केही शुल्क लाग्ने इभेन्टहरू छन्।
- फोन अथवा काउन्टरमा आवेदन
- विस्तृत जानकारीको लागि होमपेज हेर्नुहोस्।
- ओता सहर सेन्जोकु सामुदायिक केन्द्र
  ☎ 03-3727-1461
  Fax 03-3727-1462

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन　ओता सहर, स्थानीय गतिविधि प्रवर्द्धन शाखा
सहरवासी-प्रशासन सहकार्य, बहुसांस्कृतिक सहजीवन कर्मचारी
ठेगाना　〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227　Fax 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶